# सडक बालबालिका पुनर्स्थापना केन्द्र, पोखरा वृद्धाश्रम, बाल सुधार गृह, श्रीकृष्ण प्रणामी बाल तथा वृद्धाश्रम, राधाकृष्ण वृद्धाश्रम, वात्सायन वृद्धाश्रम र मानव सेवा आश्रम कास्कीको अनुगमन प्रतिवेदन

**प्रदेश सरकार**
**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा ।**

**पृष्ठभूमिः**

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार महिला, बालवालिका तथा समाजकल्याण क्षेत्रको संरक्षण, विकास, शसक्तीकरण र न्यायका लागि उनीहरुको प्रत्यक्ष सहभागितामा लक्षित कार्यक्रम संचालन गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ । प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ ले समेत महिला, बालवालिका तथा समाजकल्याण क्षेत्रको हक अधिकार सुनिश्चित गर्नका लागि लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपसार नियन्त्रण, बालविवाह, सामाजिक कुरीति र परम्परागत हानिकारक अभ्यास न्यूनीकरण गर्दै लैंगिक समानता, बालमैत्री शासकीय प्रबन्ध, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको उचित व्यवस्थापन तथा संरक्षणका लागि जोड दिएको अवस्था छ ।

प्रदेश भित्रका विपन्न, लक्षित महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रम संचालन प्रक्रियालाई सहज, व्यवस्थित, पारदर्शी, जवाफदेही तथा औचित्यपूर्ण एवं प्रभावकारी तरिकाले सम्पादन गर्दै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि,२०७७ को अधीनमा रही यस मन्त्रालयबाट **"महिला, बालबालिका र समाजकल्याणतर्फका कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७७"** स्वीकृत गरिएको छ । यस मन्त्रालयबाट भौतिक पूर्वाधार तथा सञ्चालन अनुदान कार्यक्रम अन्तर्गत विभिन्न समयमा अनुदान प्राप्त गरेका मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित संघसंस्थाहरू सडक बालबालिका पुनर्स्थापना केन्द्र, पोखरा वृद्धाश्रम, बाल सुधार गृह र मानव सेवा आश्रम कास्कीको विभिन्न निकायबाट संयुक्त रूपमा अनुगमन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

१. अनुगमनको उद्देश्यः

- सडक तथा बेवारिसे बालबालिकाको पहिचान गरी उद्धार, संरक्षण र व्यवस्थापनका सम्बन्धी कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नु,
- संचालित ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रम र आश्रित ज्येष्ठ नागरिकका समस्या पहिचान गरी संस्थागत सुदृढीकरणमा सहयोग गर्नु,
- कसूरजन्य आरोप लागेका बालबालिकाको लागि आचरणमा सुधार ल्याउन सञ्चालनमा ल्याइएको बाल सुधार गृहको अवस्था पहिचान गर्नु,
- सडक मानव व्यवस्थापनमा देखिएका समस्या पहिचान गरी सडक मानवमुक्त प्रदेश निर्माणका लागि अन्तरनिकायगत समन्वय गर्नु,
- सञ्चालित कार्यक्रमको गुणस्तरीयता कायम गर्न सहयोग पुऱ्याउनु ।

२. अनुगमनको विधि, प्रक्रिया र अनुगमन गरिएका निकायहरूः

सम्बन्धित निकायहरूको स्थलगत भ्रमण गरी सम्बद्ध पदाधिकारी, कर्मचारी, आश्रित व्यक्तिहरूसँग छलफल तथा अन्तर्क्रिया गरिएको थियो । सम्बन्धित संस्थाले गरेका कार्यक्रम, पदान गरेका सेवाहरू, कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्या, समाधानका लागि भएका प्रयासहरू लगायतका विषयमा संस्थासँग आबद्ध व्यक्तिहरूबाट जानकारी प्राप्त भएको थियो । संस्थाका

अभिलेखहरू, आश्रय लिइरहेका व्यक्तिहरूसँगको कुराकानी र स्थलगत अवलोकनको विधि प्रयोग गरिएको थियो । अनुगमन सम्बन्धी थप विवरण देहाय बमोजिम रहेको छः

| सि.नं. | निकाय/संस्था | ठेगाना | अनुगमनमा सहभागीको नाम | अनुगमन गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडक बालबालिका पुनर्स्थापना केन्द्र | अन्नपूर्ण गा.पा-१,कास्की | • श्री बिनोद बहादुर कुँवर, सचिव, शि.सं.वि.प्र तथा सामाजिक विकास मन्त्रालय<br>• श्री सुशीला आचार्य, अधिकृत आठौं, "<br>• श्री देवी शर्मा, अधिकृत छैठौं " | २०७८/०२/२७ | |
| २ | पोखरा वृद्धाश्रम | पो.म.न.पा-१७, कास्की | • श्री बिनोद बहादुर कुँवर, सचिव, शि.सं.वि.प्र तथा सामाजिक विकास मन्त्रालय<br>• श्री इन्दु घिमिरे सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• श्री रमेश कुमार के.सी सचिव, अर्थ मन्त्रालय<br>• श्री सुशीला आचार्य, अधिकृत आठौं, .सं.वि.प्र तथा सामाजिक विकास मन्त्रालय<br>• श्री देवी शर्मा, अधिकृत छैठौं " | २०७८/०२/२८ | |
| ३ | बाल सुधार गृह | पो.म.न.पा-१८, कास्की | • श्री बिनोद बहादुर कुँवर, सचिव, शि.सं.वि.प्र तथा सामाजिक विकास मन्त्रालय<br>• श्री गंगा बहादुर क्षेत्री, उपसचिव, "<br>• श्री सुशीला आचार्य, अधिकृत आठौं, "<br>• श्री देवी शर्मा, अधिकृत छैठौं " | २०७८/०३/०२ | |
| ४ | मानव सेवा आश्रम | पो.म.न.पा-२५, कास्की | • श्री बिनोद बहादुर कुँवर, सचिव, शि.सं.वि.प्र तथा सामाजिक विकास मन्त्रालय<br>• श्री रमेश कुमार के.सी सचिव, अर्थ मन्त्रालय<br>• श्री खिम बहादुर खड्का, प्रमुख स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | २०७८/०३/०८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • श्री बाबुराम आचार्य, प्रमुख, स्वास्थ्य कार्यालय कास्की<br>• श्री सुशीला आचार्य, अधिकृत आठौं, शि.सं.वि.प्र तथा सामाजिक विकास मन्त्रालय<br>• श्री देवी शर्मा, अधिकृत छैठौं “ | | |
| ५ | श्री कृष्ण प्रणामी बाल तथा वृद्धाश्रम | पो.म.न.पा-२७, कास्की | • श्री बिनोद बहादुर कुँवर, सचिव, शि.सं.वि.प्र तथा सामाजिक विकास मन्त्रालय<br>• श्री गंगा बहादुर क्षेत्री, उपसचिव, “<br>• श्री देवी शर्मा, अधिकृत छैठौं “ | २०७८/०३/१६ | |
| ६ | वात्सायन वृद्धाश्रम | पो.म.न.पा-१४, कास्की | • श्री बिनोद बहादुर कुँवर, सचिव, शि.सं.वि.प्र तथा सामाजिक विकास मन्त्रालय<br>• श्री गंगा बहादुर क्षेत्री, उपसचिव, “<br>• श्री देवी शर्मा, अधिकृत छैठौं “ | २०७८/०३/१६ | |
| ७ | राधाकृष्ण वृद्धाश्रम | पो.म.न.पा-३२, कास्की | • श्री बिनोद बहादुर कुँवर, सचिव, शि.सं.वि.प्र तथा सामाजिक विकास मन्त्रालय<br>• श्री गंगा बहादुर क्षेत्री, उपसचिव, “<br>• श्री देवी शर्मा, अधिकृत छैठौं “ | २०७८/०३/१६ | |

३. अनुगमनबाट प्राप्त विवरणः

स्थलगत अनुगमनको क्रममा देखिएका विषयहरू देहाय बमोजिम रहेको छः

| क्र.सं | अनुगमन गरेको संस्था | आश्रित व्यक्तिहरू | | | हेरचाहकर्ता/कर्मचारी |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | |
| १ | सडक बालबालिका पुनर्स्थापना केन्द्र | ७ | ५ | १२ | १ जना, शिक्षक २ जना र सहयोगी १ जना |
| २ | बाल सुधार गृह | ८० | ० | ८० | ७ जना कर्मचारी |
| | | महिला | पुरुष | जम्मा | |
| ३ | पोखरा वृद्धाश्रम | २६ | २२ | ४८ | १ जना स्टाफ नर्स, ३ जना स्याहारकर्ता |
| ४ | मानव सेवा आश्रम, हेम्जा कास्की | ० | ३८ | ३८ | |
| ५ | श्री कृष्ण प्रणामी बाल तथा वृद्धाश्रम | | ८ | ८ | १ जना संरक्षणकर्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | वात्सायन वृद्धाश्रम | | | १७ | २ जना स्याहारकर्ता |
| ७ | राधाकृष्ण वृद्धाश्रम | | | ५६ | |

४. देखिएका समस्या/सुधारका पक्षहरू:

- कोभिड-१९ को स्वास्थ्य मापदण्डलाई पर्याप्त ध्यान नपुऱ्याइएको,
- सडक बालबालिका पुनर्स्थापना केन्द्रको सुरक्षा व्यवस्था व्यवस्थित हुन नसक्दा बालबालिकाहरू केन्द्रबाट भाग्ने गरेको,अनुगमनको क्रममा १ हप्तामा ३ जना बालकहरू भागेर निस्किएको पाइयो,
- पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकाहरूको सरसफाइ व्यवस्थापन कमजोर देखिएको,
- कोभिडले गर्दा वृद्धाश्रममा स्वेच्छिक रूपमा संस्थाले प्राप्त गर्ने सहयोग घटेको,
- ज्येष्ठ नागरिकलाई स्वास्थ्य संस्थासम्म पुऱ्याउन एम्बुलेन्सको लागि समन्वय गर्नु पर्ने,
- आश्रममा तालिमप्राप्त जनशक्तिको कमी देखिएको,
- हाल ५० जनाको क्षमता रहेको बाल सुधार गृहमा ८० जना,अर्थात क्षमताभन्दा निकै बढी बालकहरू रहेका,
- बाल सुधार गृहमा खानेपानी समस्या रहेको,
- सुधार गृहमा रहेका बालकहरूलाई आ-आफ्नो कसुर र सजाय सम्बन्धमा जानकारी नभएको,
- कोभिड-१९ का कारण आश्रित बालकहरूको नियमित स्वास्थ्य परीक्षणमा समस्या रहेको,
- सुधार गृहमा रहेका बालकहरूलाई कोभिडका कारण रोकिएको पठनपाठन कार्यलाई वैकल्पिक माध्यम प्रयोग गरी सुचारू गर्न नसकिएको,
- मानव सेवा आश्रमको नियमित आर्थिक स्रोतको व्यवस्थापनमा कठिनाई,
- कोभिड-१९ को स्वास्थ्य मापदण्डलाई ध्यान दिनुपर्ने,
- सहयोगापेक्षी व्यक्तिहरूलाई सडकबाट तत्काल उद्धार गर्न सवारी साधनको समस्या रहेको ।

५. सुझावहरू:

- सडक बालबालिका पुनर्स्थापना केन्द्रलाई व्यवस्थित ढंगले सञ्चालन गर्न व्यवस्थापकीय पक्षमा ध्यान दिनुपर्ने,
- मन्त्रालय तथा विभिन्न निकायबाट पुनर्स्थापना केन्द्रको लागि प्राप्त अनुदान रकम मापदण्ड बमोजिम पारदर्शि ढंगले केन्द्र व्यवस्थापनमा सञ्चालन गर्नुपर्ने,
- कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तह, मन्त्रालय तथा सम्बन्धित निकायमा नियमित प्रतिवेदन गर्ने,
- पोखरा वृद्धाश्रमले आश्रमको लागि आवश्यक स्वास्थ्य सामग्रीको लागि मन्त्रालय एवम् स्वास्थ्य संस्थासँग समन्वय गर्ने,
- ज्येष्ठ नागरिक स्याहारकर्ताको लागि आवश्यक तालिमको लागि पहल गर्ने,

- बाल सुधार गृहमा रहेका बालकहरूलाई सम्बन्धित क्षेत्रको कानूनी प्रक्रियाको बारेमा जानकारी गराउने,
- गृहमा हाल देखिएको खानेपानी समस्या समाधानको लागि सम्बन्धित स्थानीय निकायसँग समन्वय गर्ने,
- कोभिडलाई मध्यनजर गरी वैकल्पिक माध्यमबाट शिक्षण सिकाइका लागि पहल गर्ने,
- कोभिड जोखिम न्यूनीकरणका लागि स्वास्थ्य मापदण्ड अवलम्बन गर्ने,
- स्थानीय तह तथा अन्य साझेदार निकायसँग सहयोगको लागि समन्वय गर्ने,
- आश्रितहरूलाई औषधोपचारका लागि स्वास्थ्य संस्थासँग समन्वय गर्ने र मन्त्रालयलाई जानकारी गराउने,
- सहयोगापेक्षी सडक आश्रित मानवमुक्त गण्डकी प्रदेश निर्माणका लागि मन्त्रालय, स्थानीय तह तथा सरोकारवाला निकायहरूसँग सहकार्य, समन्वय गर्ने,
- मन्त्रालयबाट भौतिक पूर्वाधार तथा सञ्चालन अनुदान रकमको कार्यप्रगति सम्बन्धमा नियमित प्रतिवेदन गर्ने ।

**निस्कर्षः**

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट पूर्वाधार तथा सञ्चालनतर्फ नियमित अनुदान प्राप्त गरिरहेका सडक बालबालिका व्यवस्थापन, ज्येष्ठ नागरिक सेवा भवन, बाल संरक्षण र सडक मानव व्यवस्थापनमा समर्पित विभिन्न संस्थाहरूको स्थलगत अनुगमन गर्ने क्रममा देखिएका विषयहरूलाई समावेश गरी तयार गरिएको यस अनुगमन प्रतिवेदन आगामी दिनमा सम्बन्धित निकायहरूका असल अभ्यासलाई संस्थागत गर्न, कमीकमजोरी सुधार गर्न तथा राज्यका विभिन्न संयन्त्रबाट परिचालित स्रोतको प्रभावकारिताका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।